# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, श्रावण २५ गते, २०७७ साल (अतिरिक्ताङ्क २०

## भाग १

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७७ सालको ऐन नं. ९

**प्रदेश स्तरमा फर्म दर्ता, नवीकरण तथा तत् सम्वन्धी अन्य व्यवस्था गर्नका लागि बनेको ऐन**

**प्रस्तावनाः** प्रदेशभित्र एक वा एकभन्दा बढी उद्देश्य लिई व्यापार व्यवसाय गर्न चाहने नीजि व्यक्ति वा साझेदारलाई नीजि तथा साझेदारी फर्म दर्ता गरी व्यापार व्यवसाय गर्न पाउने संवैधानिक अधिकारको रक्षा गर्दै प्रदेशको व्यापार व्यवसायलाई स्वच्छ, प्रतिष्पर्धी र व्यवस्थित वनाउन तथा उपलब्ध मानवीय, वित्तीय, प्राकृतिक तथा भौतिक स्रोतको दिगो उपयोगबाट प्रादेशिक व्यापारको प्रवर्द्धन गर्दै राष्ट्रिय अर्थतन्त्र सुदृढ बनाउन आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं.१ को प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**प्रदेश नं. १ नीजि तथा साझेदारी फर्म दर्ता ऐन, २०७७**" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ओसार पसार"** भन्नाले फर्मले एक प्रदेशबाट अर्को प्रदेशमा वा एक स्थानीय तहबाट अर्को स्थानीय तह वा प्रदेशमा प्राकृतिक वस्तु वा उद्योगबाट उत्पादित वा निर्मित वस्तु वा सेवा उपभोक्तासम्म पुऱ्याउने वा हस्तान्तरण वा वितरण वा खरिद विक्री गर्ने जस्ता व्यापारिक क्रियाकलापलाई सम्झनुपर्छ।

(ख) **"उद्योग"** भन्नाले यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका वस्तु उत्पादन गर्ने वा सेवा प्रवाह गर्ने उद्योग सम्झनुपर्छ र सो शब्दले उद्योग र उद्योगसँग सम्वन्धित घर, जग्गा, कारखाना र गोदाम समेतलाई जनाउँछ।

(ग) **"कम्पनी"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनुपर्छ र सो शब्दले त्यस्तो कम्पनीको संस्थापक तथा संचालक समेत सम्झनुपर्छ ।

(घ) **"तोकिए"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ङ) **"नीजि फर्म"** भन्नाले कसैले व्यक्तिगत नामबाट कुनै एक ब्यक्तिले व्यापार व्यवसायका लागि स्थापना गरेको फर्म वा कम्पनी सम्झनुपर्छ।

(च) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गत रहने निर्देशनालयलाई सम्झनुपर्छ ।

(छ) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ लाई सम्झनुपर्छ।

(ज) **"प्रदेश सरकार"** भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद्लाई सम्झनुपर्छ।

(झ) **"फर्म"** भन्नाले यस ऐन बमोजिम स्थापना भएको नीजि फर्म तथा साझेदारी फर्म सम्झनुपर्छ र सो शब्दले प्रचलित संघीय, प्रादेशिक र स्थानीय कानून बमोजिम स्थापना भएको फर्मसँग सम्वन्धित उद्योग वा अन्य फर्म समेतलाई सम्झनुपर्छ।

(ञ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको उद्योग, वाणिज्यसँग सम्वन्धित मन्त्रालय सम्झनुपर्छ।

(ट) **"व्यापार"** भन्नाले प्राकृतिक वस्तु वा उद्योगबाट उत्पादित वा निर्मित वस्तु वा सेवा खरिद बिक्री वा विनिमयका लागि उद्योग, कम्पनी वा फर्मले गर्नेव्यापार तथा वाणिज्य अन्तर्गतको क्रियाकलाप वा कारोबार सम्झनुपर्छ।

(ठ) **"व्यवसाय"** भन्नाले उद्योग, व्यापार वा वाणिज्य सम्वन्धी पेशा वा व्यवसायलाई समेत जनाउँदछ।

(ड) **"व्यापार व्यवसाय"** भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम स्थापना गरिएको कम्पनी, उद्योग वा फर्मले गर्ने व्यापार वा वाणिज्य सम्वन्धी व्यवसायलाई सम्झनुपर्छ।

(ढ) **"मन्त्रालयले तोकेको अधिकारी वा निकाय"** भन्नाले वाणिज्य, आपूर्ति तथा उद्योगसँग सम्वन्धित फर्मको विषय हेर्ने मन्त्रालय र मातहतको निर्देशनालय वा कार्यालय वा स्थानीय तहलाई सम्झनुपर्छ।

(ण) **"साझेदारी फर्म"** भन्नाले एकाघर सगोलका अंशियारहरु वाहेकका व्यक्तिहरुले एउटै नाम राखी घाटा वा नाफाको मुनासिव वितरण हुने गरी सबै साझेदारले प्रत्येक साझेदारका लागि वा कुनै साझेदारले सबै साझेदारका लागि सबै कारोबारमा भाग लिन आपसमा सम्झौता गरी यस ऐन बमोजिम प्रदेश सरकारको मन्त्रालयले तोकेको अधिकारी वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

निकायमा दर्ता गराएको कुनै फर्म सम्झनुपर्छ । सो शब्दले सम्झौता गर्ने व्यक्तिहरुलाई एक अर्काको सम्वन्धमा साझेदार र सबै साझेदारलाई सामूहिक रुपले फर्म र जुन एक नामबाट कारोबार चल्छ सो लाई समेत फर्म भनी बुझ्नुपर्दछ।

(त) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

(थ) **"संस्था"** भन्नाले फर्म, कम्पनी वाहेक प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम स्थापना भएको नीजि, सहकारी, सरकारी, गैरसरकारी संस्था सम्झनुपर्छ।

## परिच्छेद -२

## फर्म दर्ता तथा नियमन सम्वन्धी व्यवस्था

३. **दर्ता नगरी व्यापार व्यवसाय गर्न नहुने:** कसैले यस ऐन बमोजिम दर्ता नगराई वा अनुमति नलिई प्रदेश भित्रको व्यापार व्यवसाय संचालन गर्न वा गराउन हुँदैन र त्यसरी दर्ता नभएको वा अनुमति नलिई फर्म, कम्पनी वा संस्थाको नामबाट गरिएको व्यापार व्यवसायसँग सम्वन्धित लेनदेन र अन्य कारोबारलाई कानूनी मान्यता दिइने छैन।

तर संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहले व्यापारिक बाहेकको प्रयोजनका लागि प्रचलित संघीय कानून बमोजिम दर्ता भई संचालन भएका व्यापार व्यवसाय सम्वन्धी फर्म, कम्पनी वा संस्थालाई र प्रचलित कानून बमोजिम दर्ता भई संचालन भएका वाणिज्य सम्वन्धी बैंक तथा वित्तीय वा बीमा वा विज्ञापन व्यवसायको लागि लागू हुने छैन।

४. **फर्म दर्ता सम्वन्धी प्रकृया:**(१) यो ऐन प्रारम्भ भएपछि मुनाफाको उद्देश्य लिई प्रदेश भित्र एक वा एकभन्दा बढी उद्देश्यको व्यापार व्यवसाय गर्न चाहने कम्पनी, नीजि व्यक्ति वा साझेदारले मन्त्रालयले तोकेको निकायबाट फर्म दर्ता गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम फर्म दर्ता गर्न तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष दरखास्त दिनुपर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं १

(३) प्रदेशमा नीजि फर्मको रुपमा दर्ता भै काम गरिरहेको फर्मले साझेदारसँग सम्झौता गरी यस ऐन अन्तर्गत नीजि फर्मलाई साझेदारी फर्ममा रुपान्तरण गर्न चाहेमा पुनः दर्ता गराउनु पर्ने छैन।

(४) साझेदार फर्मका अन्य साझेदारले कुनै एक जना साझेदार मात्र फर्म संचालन गर्न आपसमा सहमत भै सम्झौता गरी साझेदारी छाड्न मञ्जुर भई मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष दरखास्त दिई त्यस्तो दरखास्तमा सनाखत गरेमा त्यस्तो साझेदारी फर्म नीजि फर्ममा रुपान्तरण हुनेछ।

(५) उपदफा (३) र (४) बमोजिम फर्मलाई साझेदारी फर्ममा रुपान्तरण गर्न चाहेमा साझेदारले मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष तोकिए बमोजिमको विवरण सहित तोकिएको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायमा प्राप्त भएको दरखास्त सहित साझेदार वा नीजि व्यक्तिले पेश गरेका कागजातका आधारमा साझेदारी वा नीजि फर्म दर्ता गर्न प्रचलित कानूनले रोक नलगाएको भए मन्त्रालयले तोकेको अधिकारी वा निकायले त्यस्तो फर्मलाई साझेदारी वा नीजि फर्मको रुपमा रुपान्तरण गरी अद्यावधिक गर्नुपर्नेछ।

५. <u>फर्म दर्ता गरी प्रमाणपत्र दिनुपर्ने:</u> (१) दफा ४ बमोजिम कसैको दरखास्त प्राप्त भएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले जाँचबुझ गर्दा दरखास्तमा खुलाइएको विवरण साँचो देखिएमा दरखास्त प्राप्त भएको सात दिन भित्र अनुसूची-१ बमोजिमको दर्ता वा रुपान्तरण शुल्क लिई फर्म दर्ता वा रुपान्तरण गरी तोकिए बमोजिमको ढाँचामा दरखास्तवालालाई व्यवसाय सुरु गर्नुपर्ने शर्त समेत उल्लेख गरी फर्म दर्ता प्रमाणपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त जाँचबुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले सम्वन्धित दरखास्तवालालाई त्यस्तो थप विवरण वा कागजात पेश गर्न कम्तिमा सात दिनको समयावधी तोकी आदेश दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम फर्म दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनुपर्नेछः-

(क) फर्मको अधिकृत पूँजी

(ख) फर्म दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ग) फर्म स्थापना गर्नुको उद्देश्य,

(घ) फर्मले गर्ने कारोबारको उद्देश्य वा प्रकृति अनुसार तोकिए बमोजिमका शर्तहरु।

(४) उपदफा (१) बमोजिम दर्ता भई प्रमाणपत्र प्राप्त गरेको फर्मले मन्त्रालयले तोकेको अधिकारी वा निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नुपर्नेछ।

६. <u>**फर्म दर्ता गर्न इन्कार गर्न सकिने:**</u> (१) दफा ४ बमोजिम फर्म दर्ता वा रुपान्तरणका लागि परेको दरखास्त जाँचबुझ गर्दा देहायको कुनै अवस्था देखिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले फर्म दर्ता वा रुपान्तरण गर्न इन्कार गर्न सक्नेछः-

(क) प्रस्तावित फर्मको नाम यस अघि दर्ता भई कायम रहेको कुनै फर्मको नामसँग मिल्ने देखिएमा,

(ख) प्रस्तावित फर्मको नाम वा उद्देश्य प्रचलित कानून विपरित भएमा वा सार्वजनिक हित, नैतिकता, सदाचार, शिष्टाचार आदि कुनै दृष्टकोणले अनुपयुक्त वा अवाञ्छनीय देखिएमा वा त्यस्तो फर्मको उद्देश्य फौजदारी कार्यलाई प्रोत्साहित गर्ने देखिएमा,

(ग) प्रस्तावित फर्मको नाम यस ऐन बमोजिम दर्ता खारेजीमा परेको वा प्रचलित कानून बमोजिम दामासाहीमा परेको फर्मको नामसँग मिल्ने भएमा वा दामासाहीमा परेको अवधि तीन वर्ष पूरा भई नसकेको भएमा,

(घ) यस ऐन वा ऐन अन्तर्गतको नियमावली बमोजिम फर्म दर्ता हुनको निमित्त तोकिएका अन्य आवश्यक शर्तहरु पूरा भएको नदेखिएमा।

(२) उपदफा (१) मा उल्लेखित अवस्थाका कारण फर्म दर्ता गर्न नसकिने भए नसक्नुको आधार र कारण खोली सम्वन्धित अधिकारीले दरखास्तवालालाई दरखास्त परेको सात दिन भित्रमा लिखित जानकारी दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(३) उपदफा (२) बमोजिमको लिखित जानकारी प्राप्त गर्ने दरखास्तवालालाई सो कुरामा चित्त नबुझे तीस दिन भित्रमा मन्त्रालयमा उजुरी दिन सक्नेछ र मन्त्रालयले त्यस्तो उजुरी उपर छानविन गरी तीस दिन भित्र आवश्यक निर्णय गर्नेछ।

७. **<u>अनुमति लिनुपर्नेः</u>** (१) दफा ५ बमोजिम फर्मलाई प्रदान गरिएको प्रमाणपत्रमा उल्लेखित उद्देश्य भन्दा फरक प्रकृतिको व्यापार व्यवसाय गर्न वा व्यवसाय संचालन गर्न अनुमति लिनका लागि तोकिए बमोजिमको ढाँचामा मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिदा फर्मले तोकिए बमोजिमको विवरणर कागजात समेत पेश गर्नुपर्नेछ।

(३) उद्योग सञ्चालन गर्ने उद्देश्यले दर्ता भै सञ्चालनमा रहेको उद्योगले वाणिज्य सम्वन्धी कारोबार गर्नुपर्ने भएमा त्यस्तो उद्योगले यस ऐन बमोजिम छुट्टै फर्म दर्ता गर्नु पर्नेछ।

(४) अनुमतिपत्र सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **<u>अनुमतिको प्रमाणपत्र दिनुपर्नेः</u>** (१) दफा ७ बमोजिम कसैको दरखास्त प्राप्त भएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले जाँचबुझ गर्दा दरखास्तमा खुलाइएको विवरण साँचो हो भन्ने देखिएमा तोकिए बमोजिमको शुल्क लिई दरखास्तवालालाई तीन वर्षका लागि तोकिएको ढाँचामा व्यवसाय शुरु गर्नुपर्ने अवधि समेत तोकी शर्त सहितको अनुमतिको प्रमाणपत्र दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त जाँचबुझ गर्दा थप विवरण वा कागजात आवश्यक देखिएमा अनुमतिको प्रमाणपत्र दिनु पूर्व मन्त्रालयले तोकेको अधिकारी वा निकायले सम्वन्धित दरखास्तवालालाई त्यस्तो थप विवरण वा कागजात पेश गर्न लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम थप विवरण वा कागजात माग भएमा दरखास्तवालाले तोकेको अवधिभित्र त्यस्तो विवरण वा कागजात पेश गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम अनुमतिको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो अनुमतिको प्रमाणपत्रमा खुलाउनु पर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(क) फर्मको फरक अधिकृत पूँजी हुने भए त्यस्तो अधिकृत पूँजी,

(ख) अनुमतिको प्रमाणपत्र जारी भएको मिति,

(ग) अनुमति दिनुको उद्देश्य,

(घ) फर्मले गर्ने कारोबारको उद्देश्य वा प्रकृति अनुसार तोकिए बमोजिमका शर्तहरु।

(५) यस दफा बमोजिम दर्ता भई अनुमतिको प्रमाणपत्र प्राप्त गरेको फर्मले मन्त्रालयले तोकेको अधिकारी वा निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नुपर्नेछ ।

९. <u>अनुमतिको प्रमाणपत्र दिन इन्कार गर्न सकिनेः</u>(१) दफा ७ बमोजिम अनुमतिका लागि परेको दरखास्त जाँचबुझ गर्दा देहायको कुनै अवस्था देखिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले अनुमतिको प्रमाण पत्र दिन इन्कार गर्न सक्नेछः-

(क) दरखास्तवाला कालो सूचीमा परेको भएमा वा कालो सूचीबाट हटेको छ महिना अवधि व्यतित नभएमा,

(ख) प्रचलित कानून बमोजिम दफा ७ को उपदफा (१) मा उल्लिखित कुनै व्यापार व्यवसाय संचालन गर्न नमिल्ने वा नपाउने भएमा सो व्यवसायको हकमा।

(ग) यस ऐन र ऐन अन्तर्गतको नियमावली बमोजिम अनुमति प्रदानको निमित्त आवश्यक शर्तहरु पूरा नगरेको भएमा।

(२) उपदफा (१) मा उल्लेखित अवस्थाका कारण अनुमतिको प्रमाणपत्र दिन नसकिने भए नसक्नुको आधार र कारण खोली सम्वन्धित अधिकारीले दरखास्तवालालाई दरखास्त दिएको सात दिन भित्र लिखित जानकारी दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको लिखित जानकारी प्राप्त गर्ने दरखास्तवालालाई सो कुरामा चित्त नबुझेमा तीस दिन भित्र मन्त्रालयमा उजुरी दिन सक्नेछ र मन्त्रालयले त्यस्तो उजुरी उपर छानविन गरी तीस दिन भित्र आवश्यक निर्णय गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१०. **<u>फर्मले व्यवसाय प्रारम्भ गरेको जानकारी दिनुपर्नेः</u>** यस ऐन बमोजिम दर्ता भई अनुमतिको प्रमाणपत्र पाएको फर्मले प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्रमा आफ्नो व्यवसाय प्रारम्भ गर्नु पर्नेछ र व्यापार व्यवसाय प्रारम्भ गरेको पैंतीस दिन भित्रमा सोको जानकारी मन्त्रालयले तोकेको अधिकारी वा निकाय र सम्वन्धित स्थानीय तहलाई समेत दिनु पर्नेछ।

११. **<u>प्रतिलिपीको लागि दरखास्त दिनुपर्नेः</u>** (१) दफा ५ बमोजिम प्रदान गरिएको फर्म दर्ताको प्रमाणपत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा सो विवरण खुलाई फर्मले तोकिएको कागजात सहित तोकिएको अवधिभित्र मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष तोकिएको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष परेको दरखास्तको ब्यहोरा मुनासिब देखेमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले तोकिएको दस्तुर लिई दरखास्तवालालाई फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी दिनुपर्नेछ।

१२. **<u>फर्म अभिलेखीकरण सम्वन्धी व्यवस्थाः</u>** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै संघीय कानून बमोजिम दर्ता भई संचालनमा रहेका फर्मको अभिलेखीकरणका लागि यो ऐन प्रारम्भ भएको मितिले एक महिना भित्रमा मन्त्रालयले सार्वजनिक सञ्चार माध्यमबाट सूचना जारी गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भए पश्चात सूचना प्रकाशन भएको आर्थिक बर्षको असार मसान्त भित्रमा त्यस्ता फर्मले तोकिएको कागजात संलग्न गरी मन्त्रालयले तोकेको अधिकारी वा निकायमा गई फर्मको अभिलेखीकरण गराउन तोकिएको ढाँचामा निवेदन दस्तुर सहित दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम फर्म अभिलेखीकरणका लागि दरखास्त प्राप्त भएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले तोकिए बमोजिमको अभिलेखीकरणको निस्सा दरखास्त वालालाई दिनुपर्नेछ।

(४) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने तथा उपदफा (१) बमोजिम तोकिएको अवधिमा मन्त्रालयले तोकेको अधिकारी वा निकायमा अभिलेखीकरण नभएको फर्मको नामबाट कुनै पनि व्यवसाय गर्न पाइने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१३. **प्रमाणपत्रको अवधि र नवीकरण सम्वन्धी व्यवस्थाः** (१) ऐनको दफा ५ बमोजिम दर्ता वा दफा १२ बमोजिम अभिलेखीकरण भएका फर्मको अवधि तीन बर्षको हुनेछ र उक्त अवधि सकिए पछि नवीकरण नगराई सोही फर्मको नामबाट कुनै पनि व्यवसाय गर्न पाइने छैन।

(२) फर्म नवीकरण गराउन चाहने फर्मले उपदफा (१) बमोजिमको अवधि समाप्त भएको मितिले तीन महिना भित्र मन्त्रालयले तोकेको अधिकारी वा निकायमा नवीकरणको लागि तोकिएको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(३) नवीकरण गराउन चाहने फर्मले दरखास्त दिंदा देहायको कागजात संलग्न गर्नु पर्नेछः-

(क) पचास लाख भन्दा माथि पुँजी भएको फर्मको हकमा अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी,

(ख) कर बुझाएको निस्साको प्रतिलिपी,

(ग) तोकिए बमोजिमका अन्य आवश्यक कागजात।

(४) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले अनुसूची १ बमोजिमको नवीकरण दस्तुर लिई त्यस्तो फर्म नवीकरण गर्नु पर्नेछ।

(५) फर्म नवीकरण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **विवरण हेरफेर गर्न तथा स्थानान्तरणको लागि अनुमति लिनु पर्नेः** (१) यस ऐन बमोजिमको फर्म दर्ता गर्न वा अभिलेखीकरणका लागि मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष दिएको विवरणमा कुनै हेरफेर गर्नु परेमा हेरफेर गर्नु पर्ने कारण सहितको विवरण खुलाई तोकिए बमोजिमका कागजात संलग्न गरी मन्त्रालयले तोकेको अधिकारी वा निकाय समक्ष अनुमतिका लागि तोकिएको ढाँचामा दरखास्त दिनु पर्नेछ र मन्त्रालयले तोकेको अधिकारी वा निकायबाट जाँचबुझ गरी अनुमति दिन मुनासिव देखिएमा तोकिए बमोजिम विवरण हेरफेर गरिदिनु पर्नेछ।

(२) कुनै पनि फर्मले प्रदेशभित्रको एक स्थानीय तहबाट अर्को स्थानीय तहमा फर्म स्थानान्तरण गर्न चाहेमा स्थानान्तरण गर्न तोकिए बमोजिमका कागजात

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

संलग्न गरी मन्त्रालयले तोकेको अधिकारी वा निकायमा तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ र मन्त्रालयले तोकेको अधिकारी वा निकायले तोकिए बमोजिमको शुल्क लिई फर्म स्थानान्तरण गर्न अनुमति दिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम फर्मको विवरणमा गरिएको हेरफेरको जानकारी फर्मको कार्यालय रहेको सम्वन्धित स्थानीय तहलाई समेत दिनुपर्नेछ।

(४) उपदफा (२) बमोजिम फर्मको कार्यालय स्थानान्तरण भएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले फर्म दर्ता रहेको र स्थानान्तरण भएको दुवै स्थानीय तहलाई जानकारी दिनुपर्नेछ।

(५) फर्मको सम्पर्क कार्यालय वा एकाई खोल्ने सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **विवरण उपलब्ध गराउनुपर्ने:** यस ऐन बमोजिम दर्ता तथा अभिलेखीकरण भएका फर्मले आफ्नो व्यवसाय प्रारम्भ गरेपछि आफूले गरेको कारोबारको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले सात महिनाभित्र फर्म दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम पेश गर्नुपर्नेछ।

१६. **सूचना पाटी राख्नु पर्ने:** फर्म दर्ता भई कार्य संचालन प्रारम्भ गरेको एक महिना भित्र त्यस्तो फर्मले फर्मको नाम, ठेगाना, साझेदार फर्म भए साझेदारहरुको नाम र ठेगाना, दर्ता नम्बर, मिति वस्तु सेवाको विवरण सहितको सूचना पाटी फर्म सञ्चालन रहेको स्थानमा राख्नु पर्नेछ।

## परिच्छेद -३

## फर्मको खारेजी र प्रतिवेदन सम्वन्धी व्यवस्था

१७. **नीजि फर्मको खारेजी सम्वन्धी व्यवस्था:** (१) देहायको अवस्थामा मन्त्रालयले तोकेको अधिकारी वा निकायले नीजि फर्म खारेज गर्न सक्नेछः-

(क) फर्मले तोकिएको अवधिभित्र नवीकरण नगराएमा,

(ख) फर्म धनीले मुनासिब कारण दर्शाई आफ्नो फर्म खारेज गरि पाउँ भनी मन्त्रालयले तोकेको अधिकारी वा निकायमा दरखास्त दिएमा,

(ग) कुनै कुरा ढाँटी फर्म दर्ता गराएको ठहरेमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(घ) फर्मले कार्य सञ्चालन गरी मन्त्रालयले तोकेको अधिकारी वा निकायलाई जानकारी दिई वा नदिई व्यवसाय वन्द गरेमा वा दफा १० बमोजिम कारोबारको जानकारी नगराएमा,

(ङ) फर्मले इजाजतपत्रमा उल्लिखित शर्तको पालना नगरेमा वा फर्मले गरेको कारोबारको लिखित प्रगति विवरण मन्त्रालयले तोकेको अधिकारी वा निकायमा नदिएमा,

(च) दफा ७ बमोजिम अनुमतिको प्रमाणपत्र नलिई व्यापार व्यवसाय गरेमा,

(छ) दफा १५ मा तोकिएको अवधि भित्र विवरण उपलब्ध नगराएमा वा विवरण उपलब्ध गराएको भए पनि त्यस्तो विवरण झूठ्ठो ठहरिएमा वा,

(ज) फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च), (छ) वा (ज) बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायले फर्म खारेज गर्नु अघि त्यस्तो फर्मलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बाहेक अन्य खण्डहरुमा उल्लेख भए बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि खारेज भएका फर्मले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई बुझाउनु पर्ने कर, दस्तुर, शुल्क चुक्ता गरेको प्रमाण पेश नगरेमा एक वर्ष पछि पनि नयाँ फर्म दर्ता गरिने छैन।

(५) फर्म खारेज गरि पाउँ भनी कुनै फर्मले मुनासिब कारण दर्शाई मन्त्रालयले तोकेको अधिकारी वा निकायमा दरखास्त दिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले त्यस्तो फर्मलाई तोकिएको प्रमाण कागजात पेश गर्न लगाई फर्मले तिर्न बुझाउन बाँकी रहेको यस ऐन तथा ऐन अन्तर्गत वन्ने नियमावली बमोजिम लाग्ने नवीकरण दस्तुर तथा जरिवाना समेत असूल गरी



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

फर्म खारेज गरी त्यस्तो खारेजीको ब्यहोरा दर्ता अभिलेखमा जनाई दरखास्तवालालाई तोकिए बमोजिम निस्सा दिनु पर्नेछ।

१८. **साझेदारी फर्मको खारेजी सम्वन्धी ब्यवस्थाः** (१) देहायको अवस्थामा यस ऐन बमोजिम दर्ता भएको साझेदारी फर्मलाई मन्त्रालयले तोकेको अधिकारी वा निकायले खारेज गर्न सक्नेछः-

(क) फर्मले तोकिएको अवधि भित्र नवीकरण नगराएमा,

(ख) साझेदारहरुले मुनासिव कारण दर्शाई फर्म खारेज गरी पाउँ भनी मन्त्रालयले तोकेको अधिकारी वा निकायमा निवेदन दिएमा,

(ग) फर्मले कार्य सञ्चालन गरी मन्त्रालयले तोकेको अधिकारी वा निकायलाई जानकारी दिई वा नदिई व्यवसाय बन्द गरेमा वा दफा १० बमोजिमको जानकारी मन्त्रालयले तोकेको अधिकारी वा निकायलाई नगराएमा,

(घ) फर्मले इजाजतको शर्त अनुसार व्यवसाय संचालन नगरेमा वा फर्मले गरेको कार्यको लिखित प्रगति विवरण मन्त्रालयले तोकेको अधिकारी वा निकायमा नदिएमा,

(ङ) दफा ७ बमोजिम अनुमतिको प्रमाणपत्र नलिई व्यापार व्यवसाय गरेमा,

(च) दफा १५ बमोजिमको विवरण पेश नगरेमा वा

(छ) फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै काम गरेमा।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ),(च) वा (छ) बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायले फर्म खारेज गर्नुअघि सम्वन्धित फर्मलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (ख) बाहेक अन्य खण्डहरुमा उल्लेख भए बमोजिम मन्त्रालयले तोकेको अधिकारी वा निकायबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका साझेदारहरुको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि खारेज भएका फर्मले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई बुझाउनु पर्ने कर, दस्तुर, शुल्क चुक्ता गरेको प्रमाण पेश नगरेमा एक वर्ष पछि पनि नयाँ फर्म दर्ता गरिने छैन।

(५) फर्म खारेज गरी पाउँ भनी कुनै फर्मले मुनासिब कारण दर्शाई मन्त्रालयले तोकेको अधिकारी वा निकायमा दरखास्त दिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले त्यस्तो फर्मलाई तोकिए बमोजिमको कागज प्रमाण पेश गर्न लगाई फर्मले तिर्न बुझाउन बाँकी रहेको यस ऐन र ऐन अन्तर्गत वन्ने नियमावली बमोजिम लाग्ने नवीकरण दस्तुर तथा जरिवाना समेत असूल गरी फर्म खारेज भएको ब्यहोरा दर्ता अभिलेखमा जनाई तोकिए बमोजिम दरखास्तवालालाई निस्सा दिनुपर्नेछ।

१९. **प्रतिवेदन दिनुपर्नेः** (१) मन्त्रालयले तोकेको अधिकारी वा निकायमा दर्ता भएको वा अभिलेखीकरण भएको फर्मको तोकिए बमोजिमको विवरण मन्त्रालयले तोकेको अधिकारी वा निकायले प्रत्येक महिनामा तोकिएको ढाँचामा निर्देशनालयले मन्त्रालयमा र निर्देशनालय बाहेक अन्य निकाय भए निर्देशनालय मार्फत मन्त्रालयमा प्रतिवेदन पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरणका आधारमा मन्त्रालय र निर्देशनालयले स्थापित फर्मको अनुगमन तथा निरीक्षण गरी सम्वन्धित फर्मलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**परिच्छेद-४**

**साझेदारको आपसी सम्वन्ध सम्वन्धी व्यवस्था**

२०. **सम्झौता गर्नुपर्नेः** (१) साझेदारको हक र दायित्व कायम गर्न साझेदारले आपसमा लिखित रुपमा सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौता पत्र सम्वन्धित स्थानीय तहबाट प्रमाणित गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा सम्झौतामा देहायका विषय उल्लेख गर्नुपर्नेछः-

(क) साझेदारीमा हुने लगानीको अंक वा प्रतिशत,

(ख) साझेदारीबाट प्राप्त धन सम्पत्ति,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(ग) प्राप्त धन सम्पत्ति अन्य काममा लाउन पाइने नपाउने, पाउने भए सोको हद,

(घ) पूँजी थपघटको विषय,

(ङ) दुई मात्र साझेदार भएको फर्ममा आपसमा मत विभाजन भएमा के गर्ने भन्ने विषय,

(च) दुई भन्दा बढी साझेदार भएको फर्ममा मत विभाजन हुँदा मत बराबर वा मत बहुमत वा अल्पमत भए के गर्ने भन्ने विषय,

(छ) साझेदार सवै फर्मसँग सम्वन्धित विषयमा प्रत्यक्ष संलग्न हुने वा कुनै एक वा एक भन्दा बढी व्यक्ति मात्र संलग्न हुने विषय,

(ज) यस ऐन र नियमावली बमोजिमका अन्य विषय।

२१. **साझेदारीमा रहेको जायजेथा र त्यसको प्रयोगः** साझेदारीको जायजेथा देहाय बमोजिम हुनेछः-

(क) साझा व्यवसाय सुरु हुँदा त्यसको लागि जम्मा गरिएको सबै जायजेथा,

(ख) साझेदारीको लागि वा त्यसका निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारीले व्यवसाय गरी कमाएको धन,

(घ) साझेदारीमा चलाएको व्यवसायबाट प्राप्त हुन आएको ख्याति।

**स्पष्टीकरणः** विषय वा प्रसङ्गबाट अन्यथा अर्थ नलागेमा साझेदारी फर्मले लगानी गरी प्राप्त गरेको सबै सम्पत्ति र हक साझेदारी फर्मको निमित्त प्राप्त गरेको मानिनेछ।

२२. **सट्टामा साझेदार वनाउन नपाइनेः** साझेदार कसैले पनि अन्य साझेदारको मञ्जुरी बेगर अरु कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार वनाउन वा राख्न पाइने छैन।

२३. **श्रेस्ता हेर्न र नक्कल लिन पाउनेः** साझेदारीको हिसाब किताब वा श्रेस्ता हेर्न चाहने साझेदारले त्यस्तो श्रेस्ता हेर्न जुनसुकै वखत पाउनेछन् र नक्कल लिन चाहेमा सो



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

श्रेस्ता जिम्मा लिने साझेदारले सक्कल बमोजिमको नक्कल ठीक छ भनी प्रमाणित गरी तत्काल नक्कल दिनुपर्नेछ।

२४. **पारिश्रमिक, ब्याज तथा मुनाफाः** (१) सम्झौताद्वारा निर्धारण भए बमोजिम हरेक साझेदारले साझा काम गरे बापतको पारिश्रमिक लिन पाउनेछन् र निजले सम्झौतामा तोकिए भन्दा बढी पूँजी लगाएको भए लिखित सम्झौतावा साझेदारहरुले गरेको निर्णय बमोजिमको ब्याज पनि लिन सक्नेछ।

(२) कुनै साझेदारले जानी जानी लापरवाही गरी हानी नोक्सानी गरेमा त्यसको बिगो निजले निजको घर घरानाबाट फर्मलाई तिर्नु बुझाउनु पर्नेछ।

(३) साझेदारी फर्मको कुनै व्यवसाय गरी वा साझेदारी फर्मको धनमालको उपयोग गरी वा साझेदारी फर्मको नाममा कुनै साझेदारले प्राप्त गरेको नाफा सोही फर्मको स्वतः हुनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम कुनै साझेदारले नाफा प्राप्त गरी साझेदारी फर्मलाई बुझाएको नाफा रकम त्यस्तो साझेदारी फर्मको आर्थिक वर्षको नाफा नोक्सानको हिसाब श्रेस्तामा स्पष्ट खुल्ने गरी देखाउनु पर्नेछ।

२५. **नाफा नोक्सानको बाँडफाँडः** (१) साझेदारहरुमा नाफा नोक्सानको हिसाब गरी बाँडफाँड गर्दा सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा बराबर भाग लगाउनु पर्नेछ।

(२) कुनै साझेदारले साझेदारीमा संलग्न हुँदा लगाएको पूँजीमा ब्याज दिने लिने सम्झौता भएको भए सोको ब्याज साझेदारी फर्मको मुनाफाबाट मात्र तिनु पर्नेछ।

(३) कुनै साझेदारले आफ्नो भागको बुझाउनु पर्ने पूँजी फर्मलाई तिरी वा बुझाई सकेको रहेनछ भने सो बुझाउन पर्ने बाँकी रकम चुक्ता नभए सम्म उपदफा (१) बमोजिम हिसाब गर्दा साझेदारले मुनाफा रकम प्राप्त गर्ने रहेछ भनेपनि त्यस्तो मुनाफा रकम चुक्ता हुन बाँकी पूँजीमा कट्टा गरिनेछ।

(४) नाफा नोक्सान बाँडफाँड सम्वन्धी अन्य विषय तोकिए बमोजिम हुनेछ।

## परिच्छेद - ५

## फर्म र साझेदार बाहेकका व्यक्तिको सम्बन्ध

२६. **साझेदारले काम गर्न हुने:** (१) दफा २० मा उल्लेखित सम्झौताको अधिनमा रही प्रत्येक साझेदारले फर्मको प्रतिनिधित्व गर्न सक्नेछ र फर्मको व्यवसाय चलाउनलाई साझेदारले गरेको कामको जिम्मेवारी लिन फर्म बाध्य हुनेछ। कुनै साझेदारले फर्मको काम कारवाहीको सिलसिलामा जालसाज गरेको भनी अरु साझेदारको उजूर पर्न आए तोकिए बमोजिमको अधिकारीले यस्तो साझेदारलाई फर्मको प्रतिनिधित्व गर्नबाट बञ्चित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै साझेदारलाई फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्नुपूर्व त्यस्तो साझेदारलाई आफ्नो सफाईको मौका दिनुपर्नेछ।

२७. **साझेदारले गरेको कारबाही पालना गर्न फर्म बाध्य हुने:** साझेदारले सम्झौता वा साझेदारहरुको निर्णयबाट साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा बन्देज लगाउन सक्नेछ र सम्झौतामा जुनसुकै कुरा लेखिएको भए तापनि फर्मसँग कारोवार गर्ने साझेदार बाहेकका व्यक्तिलाई सो बन्देजको बारेमा थाहा रहेनछ भने त्यस्तो साझेदारले साझेदार वाहेकका व्यक्तिसँग गरेको कारवाही पालना गर्न फर्म बाध्य हुनेछ।

२८. **नयाँ साझेदार जवाफदेही नहुने:** (१) नयाँ साझेदारले आफू साझेदार हुनुभन्दा अगाडि फर्मको तर्फबाट भए गरेको साझेदारी कामको हकमा जवाफदेही हुने छैन तर सम्झौतामा जवाफदेही हुने उल्लेख भए जवाफदेहिताको विषय सम्झौता बमोजिम हुनेछ।

(२) साझेदारीबाट अलग हुने साझेदारलाई फर्मबाट अलग हुनु अघिको काममा साझेदार बाहेकका व्यक्ति प्रतिको जवाफदेहीताबाट सो साझेदार बाहेकका व्यक्तिसँग गरिएको सम्झौताद्वारा र साझेदारी कायम रहेका बाँकी साझेदारहरुको मञ्जुरीले मात्र अलग हुनपाउनेछ।

(३) साझेदार बाहेकका व्यक्तिलाई कुनै साझेदार साझेदारीबाट अलग हुन चाहेको छ भन्ने थाहा भएमा आफू अलग भइसकेपछि अरु साझेदारले फर्मको नामबाट भए गरेका काम प्रति अलग हुने साझेदार जवाफदेही हुने छैन।

२९. **साझेदारले आफ्नो हक बिक्री गर्ने:** (१) कुनै साझेदारले फर्ममा रहेको आफ्नो सबै हक अरु कसैलाई बिक्री गरी वा बन्धक राखी वा अरु कुनै प्रकारले हक



आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश, नं. १

छोडी दिएमा सो साझेदारले आफू साझेदार भएको अघिको साझेदारी व्यवसायबाट पाउने मुनाफा वा अन्य कुनै रकममा त्यस्तो साझेदारले दाबी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम साझेदारले दावी गर्न सक्ने भएपनि निज फर्मको साझेदार मानिने छैन र कायम रहेका साझेदारको मञ्जुरी बेगर हिसाव किताव जाँच्न पाउने छैन।

## परिच्छेद-६

## साझेदारीको बिघटन सम्वन्धी व्यवस्था

३०. **साझेदारी विघटन हुन वा गराउन सकिनेः** (१) सवै साझेदारका मञ्जुरीले वा निजहरुका वीचमा भएको सम्झौता बमोजिम, सम्झौता नभएकोमा साझेदारहरुको निर्णय बमोजिम साझेदारी बिघटन हुन सक्नेछ।

(२) साझेदारहरुमा जुनसुकै ब्यहोराको सम्झौता भएको भए पनि दुई जना मात्र साझेदार भएको हकमा कुनै साझेदारले देहायका परिस्थितिमा साझेदारी बिघटन गराउन सक्नेछः-

(क) कुनै साझेदार आफूले गरेको सम्झौता बमोजिमको साझेदारीको कार्यभार सम्हाल्न असमर्थ भएमा,

(ख) अर्को साझेदारले फर्मलाई तिर्न बुझाउन पर्ने रकम नतिरेमा वा आफूले साझेदारीको हिस्सा अरु साझेदारको मञ्जुरी बेगर कसैलाई हक छाडी दिएमा,

(ग) अर्को साझेदारको हक अदालतबाट भरी भराउमा परेमा,

(घ) अर्को साझेदारले फर्मको काम कारवाहीमा जालसाज वा लापरवाही गरेमा।

(३) दुई जना साझेदारहरुको बीचमा अन्यथा मञ्जूरी नभएको भए त्यस्तो साझेदारले सूचनामा लेखिएको मितिदेखि वा मिति नतोकिएको भए साझेदारले सूचना गरेको मितिदेखि साझेदारी बिघटन भएको मानिनेछ।

(४) साझेदारका वीचमा सम्झौता भएको भएपनि फर्मको ऋण भुक्तान नगरी साझेदारमा बण्डा गरिने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

३१. **हकवाला सम्वन्धी व्यवस्थाः** कुनै साझेदारको मृत्यू भएमा वा तीन महिना भन्दा बढी कैदको सजाय भएमा निजले मञ्जुरी दिएको नजिकको हकवाला साझेदार हुनेछ।

३२. **साझेदारी स्वतः विघटन हुनेः** (१) साझेदारहरुमा आपसमा भएका सम्झौताको अधीनमा रही कुनै साझेदारी सीमित समयको लागि स्थापना भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एक भन्दा बढी कामको निमित्त स्थापना भएकोमा सो काम पूरा भएपछि साझेदारी स्वतः विघटन हुनेछ।

(२) साझेदारी फर्मले साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा साझेदारी स्वतः विघटन हुनेछ।

(३) उपदफा (१) को अधिनमा रही हरेक साझेदारले आफू वा आफ्नो अधिकृत वारेसद्वारा साझेदारी विघटनमा भाग लिन सक्नेछ।

३३. **साझेदार बाहेकका व्यक्ति प्रतिको दायित्व पूरा गर्नुपर्नेः** साझेदारी बिघटन भएको सूचना प्रकाशन नगरिएमा वा त्यस्ता विघटनको जानकारी फर्मसँग सम्वन्धित साझेदार बाहेकका व्यक्तिलाई नभएमा साझेदारी विघटन भए पनि फर्मको नाममा गरेको काम कारवाहीबाट साझेदार बाहेकका ब्यक्ति प्रतिको दायित्व सबै साझेदारले पूरागर्नुपर्नेछ।

तर दामासाहीमा परेका साझेदारको जायजेथाबाट निज दामासाहीमा परेका मिति पछिको काम कारवाही बापत दायित्व तिर्नु बुझाउनु पर्ने छैन।

३४. **विघटन भएपछि पनि कायम रहनेः** फर्मको विघटनको काम टुङ्गयाउनलाई आवश्यक काम कारवाहीगर्न र विघटन हुनु पहिले शुरु गरेको अपूरो काम पूरा गर्नलाई साझेदारी विघटन भैसकेपछि पनि फर्मलाई बाध्य गर्न र साझेदारहरुको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साबिक बमोजिम कायम रहेको मानिनेछ।

३५. **फर्मको हिसाब किताबको फछ्र्यौटः** साझेदारको वीचमा भएको सम्झौता र दफा ३० को उपदफा (१) को अधिनमा रही बिघटन भएका फर्मको हिसाब फछ्र्यौट सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. **लिक्विडेटर नियुक्ती गर्नेः** फर्मको हिसाब किताब फछ्र्यौट गर्न अनावश्यक ढिलो भएको भन्ने सबूद प्रमाण सहित कुनै साझेदारले उजूर गरेमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले फर्म बिघटन गर्ने कार्य गर्न एक जना लिक्विडेटर नियुक्त



आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

गर्न सक्नेछ र लिक्विडेटर वा लिक्विडेटरहरुले साझेदारीहरुले गरेको निर्णय वा सम्झौता र यो ऐन बमोजिम बिघटनको कार्य र हिसाब किताबको फछ्र्यौट प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

**परिच्छेद-७**

**कसूर र सजायसम्वन्धी व्यवस्था**

३७. **कसूरः** कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक देहायका कार्य गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिको कसूर गरेको मानिनेछः-

(क) फर्म दर्ता नगराई फर्म सञ्चालनमा ल्याएमा,

(ख) अभिलेखीकरण नगराई व्यवसाय सञ्चालन गरेमा,

(ग) फर्म दर्ताका लागि दरखास्त दिँदा झुठ्ठा विवरण दिएको पाइएमा,

(घ) दर्ता भएको फर्मले अनुमति नलिई फर्म दर्ता प्रमाणपत्रमा तोकिएभन्दा बाहेकको व्यवसाय गरेमा,

(ङ) फर्मले तोकिएको म्यादभित्र सूचना नदिएमा वा झुठ्ठा सूचना दिएमा,

(च) यो ऐन बमोजिम नवीकरण नगराई फर्म वा कुनै पनि व्यक्तिले फर्म सम्वन्धी व्यवसाय गरेमा,

(छ) स्वीकृति नलिई स्थानान्तरण गरेमा,

(ज) सूचनापाटी र प्रचलित कानून बमोजिम मूल्य सूची व्यवसाय स्थलमा नराखेमा र

(झ) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरित अन्य कुनै कार्य गरेमा।

३८. **सजायः** (१) दफा ३७ को खण्ड (क) अन्तर्गतको कसूर गर्ने नीजि फर्म वा साझेदारी फर्मका प्रत्येक साझेदारलाई पहिलो पटकका लागि मन्त्रालयले तोकेको अधिकारी वा निकायले पच्चीस हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ र सोही कसूर फेरी गरेमा तीन पटकसम्म पटकै पिच्छे शुरुमा हुने जरिवानामा दश हजार रुपैयाँ

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

थप हुनेछ। चौथो पटक पनि त्यस्तो कार्य गरेमा निज संलग्न रहेको कुनै पनि फर्म दर्ता गर्न रोक लगाइनेछ।

(२) दफा ३७ को खण्ड (ख) अन्तर्गतको कसूर गरेमा मन्त्रालयले तोकेको अधिकारी वा निकायका प्रमुखले त्यस्तो फर्म वन्द गरी पचास हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(३) दफा ३७ को खण्ड (ग), (घ) र (ङ) अन्तर्गतको कसूर गर्ने नीजि फर्म वा साझेदारी फर्मका प्रत्येक साझेदारलाई मन्त्रालयले तोकेको अधिकारी वा निकायले पच्चीस हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(४) दफा ३७ को खण्ड (च) अन्तर्गतको कसूर गर्ने नीजि फर्म वा साझेदारी फर्मका प्रत्येक साझेदारलाई मन्त्रालयले तोकेको अधिकारी वा निकायले बीसहजार रुपैयाँ जरिवाना वा व्यवसाय गर्न नपाउने गरी प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी रोक लगाउन सक्नेछ।

(५) दफा ३७ को खण्ड (छ),(ज) र (झ) अन्तर्गतको कसूर गर्ने नीजि फर्म वा साझेदारी फर्मका प्रत्येक साझेदारलाई मन्त्रालयले तोकेको अधिकारी वा निकायले दशहजार रुपैयाँ जरिवाना गरी कानून बमोजिम गर्न निर्देशन दिन सक्नेछ।

(६) साझेदारले गरेको कुनै कसूरका सम्वन्धका प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम कारवाही र सजाय गर्न यस दफाले कुनै बाधा पार्ने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

३९. **<u>पुनरावेदन सम्वन्धी ब्यवस्थाः</u>** (१) यस ऐनको विभिन्न दफामा गरिएको पुनरावेदन सम्वन्धी व्यवस्था सोही दफा बमोजिम हुनेछ।

तर कुनै दफामा सजाय उल्लेख नभएको तर सम्वन्धित अधिकारी वा निकायले गरेको कुनै निर्णय उपर चित्त नबुझाउने पक्षले निर्णयको जानकारी पाएको मितिले पैतिस दिन भित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) पुनरावेदन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८

## विविध

४०. **वातावरणमा प्रतिकूल असरको निराकरण गर्नु पर्नेः** फर्म दर्ता गरे पछि व्यापार व्यवसाय संचालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्वन्धित फर्मको हुनेछ । वातावरण परीक्षणबाट सो व्यापार व्यवसाय प्रचलित संघीय तथा प्रदेश वातावरण कानून तथा मापदण्ड विपरित देखिएमा मन्त्रालयले तोकेको अधिकारी वा निकायले दर्ता खारेज गर्न सक्नेछ।

तर त्यसरी दर्ता खारेज गर्नुअघि त्यस्तो वातावरण कानून र मापदण्ड पालना गर्ने मुनासिव माफिकको समय दिनु पर्नेछ।

४१. **व्यवसायीलाई सहुलियतः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि व्यापार व्यवसायको लागि स्थापना हुने फर्मलाई फर्म दर्ता र नवीकरण गर्दा लाग्ने दस्तुरमा तोकिए बमोजिमको रकम छुट दिइनेछ।

४२. **विशेष व्यवस्थाः** (१) यस ऐनको विभिन्न दफामा जुनसुकै कुरा लेखिएको भए तापनि पाँच लाख रुपैयाँ सम्मको अधिकृत पूँजी भएको र सम्वन्धित स्थानीय तहमा संचालन हुने कुनै फर्म दर्ता गर्नु पर्दा त्यस्तो फर्म यस ऐन बमोजिमको अधिकारी वा निकाय वा स्थानीय तहको कार्यालय जहासुकै दर्ता गरी प्रमाण लिन सकिनेछ।

(२) विशेष व्यवस्था सम्वन्धी अन्य प्रकृया तोकिए बमोजिम हुनेछ।

४३. **विद्युतीय माध्यमको उपयोगः** (१) फर्म दर्ताको दरखास्त, दरखास्त सहित पेश गर्नुपर्ने कागजात तथा दफा १५ बमोजिम विवरण पेश गर्दा विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेछ।

(२) मन्त्रालयले तोकेको अधिकारी वा निकायले स्वीकृति सम्वन्धि कागजातहरु प्रमाणिकरण गर्दा विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सक्नेछ र त्यस्ता कागजातहरु विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

तर यो व्यवस्था प्रदेश सरकारले सूचना प्रकाशन गरेको मितिबाट लागू हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि फर्म दर्ताको प्रमाणपत्र लिदाँका वखत विद्युतीय माध्यमबाट पेश गरिएका कागजातको सक्कल प्रति मन्त्रालयले तोकेको अधिकारी वा निकायले आदेश दिएमा दरखास्तवालाले पेश गर्नुपर्नेछ।

४४. **असल नियतले काम गरेकोमा बचाउः** यस ऐनले दिएको अधिकारको प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुनेछैन।

तर असल नियतले कार्य गरेको हो भन्ने प्रमाण पुऱ्याउने भार सम्वन्धित ब्यक्तिमा रहनेछ।

४५. **अनुगमन तथा मूल्याङ्कनः** मन्त्रालय वा निर्देशनालय वा मन्त्रालयले तोकेको अधिकारी वा निकायले समय समयमा यस ऐन बमोजिम स्थापना भएका फर्मले पालना गर्नुपर्ने मापदण्ड तथा फर्म दर्ता प्रमाणपत्रमा उल्लेखित शर्तको पालना गरे नगरेको सम्वन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्न, अनुगमनका क्रममा कुनै जानकारी वा विवरण माग गरी वा नगरी कानून बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ।

४६. **अधिकार प्रत्यायोजनः** मन्त्रालय वा निर्देशनालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारसध्ये केही अधिकार आफू मातहतको कुनै अधिकारी वा निकायले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

४७. **बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

४८. **नियम बनाउने अधिकारः** यस ऐनका विभिन्न परिच्छेदमा उल्लेखित उद्देश्य पूर्ति गर्नका लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

४९. **कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

५०. **यसै ऐन बमोजिम हुनेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेखित विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

५१. **अनुसूची संशोधन वा थपघटः** यस ऐन बमोजिमका अनुसूची आवश्यकता अनुसार समय समयमा प्रदेश सरकारले निर्णय गरी संशोधन वा थपघट गर्न सक्नेछ।

५२. **बचाउः** यो ऐन प्रारम्भ हुनुभन्दा अघि प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ र साझेदारी फर्म दर्ता ऐन, २०२० बमोजिम दर्ता भएका फर्म र तत् सम्वन्धी काम कारवाहीहरु यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची-१

(दफा ५ को उपदफा (१) र दफा १३ को उपदफा (३) सँग सम्वन्धित)

### (१) फर्म दर्ता गर्दा लाग्ने दस्तुर

(क) पाँच लाख रुपैयाँ सम्म अधिकृत पूँजी भए -दुई हजार रुपैंया

(ख) पाँच लाख रुपैयाँ भन्दा बढी बीस लाख रुपैयाँ सम्म अधिकृत पूँजी भए -चार हजार रुपैया

(ग) बीस लाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयाँ सम्म अधिकृत पूँजी भए -सात हजार रुपैयाँ

(घ) पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँ सम्म अधिकृत पूँजी भए -पन्ध्र हजार रुपैयाँ

(ङ) एक करोड रुपैयाँ भन्दा बढी पाँच करोड रुपैयाँ सम्म अधिकृत पूँजी भए -पच्चीसहजार रुपैयाँ

(च) पाँच करोड रुपैयाँ भन्दा बढी दश करोड रुपैयाँ सम्म अधिकृत पूँजी भए -पैतीस हजार रुपैयाँ

(छ) दश करोड रुपैयाँ भन्दा बढी जतिसुकै भएपनि अधिकृत पूँजी भए -साठी हजार रुपैयाँ

### (२) फर्म नवीकरण गर्दा लाग्ने दस्तुर

(क) पाँच लाख रुपैयाँ सम्म अधिकृत पूँजी भए -दुई हजार रुपैंया

(ख) पाँच लाख रुपैयाँ भन्दा बढी बीसलाख रुपैयाँसम्म अधिकृत पूँजी भए -चार हजार रुपैया

(ग) बीस लाख रुपैयाँ भन्दा बढी पचासलाख रुपैयाँसम्म अधिकृत पूँजी भए -पाँच हजार रुपैयाँ

(घ) पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्म अधिकृत पूँजी भए -दश हजार रुपैयाँ

(ङ) एक करोड रुपैयाँ भन्दा बढी पाँच करोड रुपैयाँसम्म अधिकृत पूँजी भए

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

-पन्ध्र हजार रुपैयाँ

(च) पाँच करोड रुपैयाँ भन्दा बढी दश करोड रुपैयाँसम्म अधिकृत पूँजी भए
-बीस हजार रुपैयाँ

(छ) दश करोड रुपैयाँ भन्दा बढी जतिसुकै भएपनि अधिकृत पूँजी भए
-तीस हजार रुपैयाँ

**प्रमाणीकरण मितिः- २०७७/०४/२५**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

**आज्ञाले,**
**कमल बहादुर थापा**
**नि. प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**